स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




अभिनेत्री द्वय केकी अधिकारी र नीता ढुंगानाका लागि वर्ष २०८१ सुखद रह्यो। केकीका लागि त अविस्मरणीय नै बन्यो। उनले निर्माण र अभिनय गरेको फिल्म 'बोक्सीको घर'ले बक्स अफिसमा १० करोडमाथि कमाएको थियो। नीताको निर्माण र अभिनय रहेको 'ह्रस्व दीर्घ'ले पनि सुखद् कमाइ गऱ्यो। अब यी दुईजना अभिनेत्री दुई-दुईवटा नयाँ फिल्म निर्माणको तयारीमा जुटेका छन्। 'भद्रकाली'को निर्देशकमा उनका भाइ विम्वको नाम राखिएको छ।

**आजको विचार...**



सीमा भट्टराई


द्यारोट.... (दुई पेजमा)




जुनसुकै भूमिकामा जीवन्त अभिनय गर्न सक्ने कलाकार हुन्, सौगात मल्ल । यसैले त अभिनयमा अब्बल कलाकारको चर्चा हुँदा उनको नाम छुट्दैन । करिअरको डेढ दशक लामो अवधिमा नयाँ-नयाँ चरित्रमा आफूलाई प्रमाणित गरिसकेका उनी रोमान्टिक भूमिकामा भने विरलै देखिने गरेका छन् । धेरैपछि उनले यसप्रकारको भूमिका आफ्नो नयाँ फिल्म 'जन्ते बाख्रो'मा निभाएका छन् । आफू कमै देखिएको भए पनि काम गर्न भने एकदमै मनपर्ने बताउँछन् ।


❒ वर्ष ३० ❒ अंक ३१० ❒ २०८२ जेठ २२ गते बिहीबार 5 June 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-


# भिजिट भिसा प्रकरणले संसद् बन्धक

## आज प्रतिनिधिसभा बैठक बस्दै, अवरुद्ध संसद चल्ला त ?

**हाम्रा संवाददाता**

**पाल्पा,** जेठ २१/भिजिट भिसा प्रकरणले जनप्रतिनिधिमूलक सर्वोच्च निकाय संसद् बन्धक बनेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन विभागमा भएको भिजिट भिसामार्फत मानव तस्करी भएको विषयमा गृहमन्त्री रमेश लेखकले राजीनामा दिनुपर्ने विपक्षी दलहरूको अडानका कारण संसद् बन्धक बन्दै आएको हो ।

बुधबार पनि बैठक नै नबसी बिहीबारसम्मका लागि स्थगित गरिएको छ । १ बजेका लागि बोलाइएको बैठक संघीय संसद् सचिवालयले सूचना टाँस गरेर ३:१५ बजेका लागि सारिएको बताएको थियो । तर उक्त समयमा पनि बैठक नबसेपछि संसद् सचिवालयले बिहीबार दिउँसो १ बजेसम्मका लागि प्रतिनिधिसभा बैठक स्थगित भएको जनाएको छ । भिजिट भिसा प्रकरणलाई लिएर प्रतिनिधिसभाको चौथो बैठक अवरुद्ध भएको हो । यसअघि जेठ १३ र १४ का लागि बोलाइएका बैठकमा विपक्षी दलले अवरोध गरेका थिए । त्यस्तै भिजिट भिसा प्रकरणमा सत्तापक्ष र प्रतिपक्षीबीच सहमति नहुँदा प्रतिनिधिसभाको बैठक मंगलबार पनि



अवरुद्ध भएको थियो । मंगलबारको बैठकमा गृहमन्त्रीलाई सम्बोधन गर्न दिने तर छानबिन समिति गठनको घोषणा हुनुपर्ने विपक्षी दलहरूको माग थियो । तर, सत्तारूढ एमाले र कांग्रेसले भिजिट भिसा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेकाले अर्को न्यायिक वा संसदीय छानबिन समिति गठन गर्न नसकिने अडान राखेपछि प्रतिनिधिसभा बैठक बस्न सकेको छैन् । सत्तापक्षले गृहमन्त्री लेखकमाथि उजुरी नै नपरेकाले कुनै एउटा कर्मचारी अनियमिततामा मुछिनेबित्तिकै मन्त्रीले राजीनामा गर्ने सवाल नै नभएको बताइरहेको छ । गृहमन्त्रीको राजीनामाको विषयमा दलहरूबीच सहमति नजुट्दा प्रतिनिधिसभा बैंठक निरन्तर अवरोध हुँदै आएको हो । बुधबारका लागि बोलाइएको बैठक बस्दै नबसी स्थगित भएपछि आजका लागि बोलाइएको हो । भिजिट भिसा प्रकरणमा गृहमन्त्रीको राजीनामा माग गर्दै आएका विपक्षी दलहरूसँग सहमति नजुटेपछि बैठक आजका लागि सारिएको थियो । संसद सचिवालयका अनुसार बैठक आज बस्दै छ । तर प्रतिपक्षको अडानका कारण आज पनि बैंठक बस्ने सम्भावना न्यून रहेको स्रोतले जनाएको छ । संसदको अवरोध खुलाउन सभामुख देवराज घिमिरेले सत्ता पक्ष र प्रतिपक्षीसँग छुट्टाछुट्टै छलफल गरिरहेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले पनि तीन दलका शीर्ष नेतासँग बैठक बसे पनि नेकपा माओवादी केन्द्रले भने आफ्नो अडान कायमै राखेपछि छलफल निष्कर्षविहीन बन्दै आएको छ ।

**संक्षिप्त समाचार**

### गाजामा २०० पत्रकार तथा मिडियाकर्मीको मृत्यु

(रासस/क्यूएनए)

**बुडापेस्ट,** जेठ २१/युरोपेली पत्रकार महासै (इएफजे)ले इजरायली आक्रमणलाई पत्रकारहरूमाथिको अकल्पनीय नरसंहार भन्दै सन् २०२३ अक्टोबरदेखि गाजामा आक्रमणको क्रममा २०० पत्रकार तथा मिडियाकर्मीको हत्या भएको जनाएको छ । बुडापेस्टमा दुई दिनको बैठकपछि बुधबार जारी गरिएको विज्ञप्तिमा इएफजेले गाजामा पत्रकार सहित सर्वसाधारणमाथि भएको घातक हमलाको निन्दा गरेको छ । संयुक्त घोषणापत्रमा ४७ युरोपेली देशहरूमा ईएफजेका १२० सदस्यहरूले हस्ताक्षर गरेका छन् । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र संयुक्त राष्ट्रसैंघ निकायले इजरायली आक्रमणलाई नरसंहारको रूपमा वर्णन गरिरहेको बेला इजरायली सेनाले युद्ध अपराधका साक्षीहरूलाई चुप गराउन गाजामा मिडिया बन्द गर्न खोजिरहेको विज्ञप्तिमा उल्लेख छ । पत्रकारका रूपमा मौलिक मानव अधिकार प्रेस स्वतन्त्रताका लागि उनीहरूको अक्रमण्यताको निन्दा गर्दै पीडित प्यालेस्टिनी सहकर्मीहरूसँग एकता व्यक्त गरी अधिकारको माग गर्नु पत्रकारको कर्तव्य भएको इएफजेले बताएको छ । इएफजेले मिडिया व्यवसायी र पत्रकारहरूलाई युरोपेली प्रतिक्रियामा आफ्ना प्यालेस्टिनी सहकर्मीसँग एकतावद्ध भई प्रतीकात्मक सतर्कता आयोजना गर्न आह्वान गरेको छ ।

# छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु



**पाल्पा,** जेठ २१/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार पर्सा र सर्लाहीमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको हो ।

पर्साको वीरगञ्ज महानगरपालिका-१४ ठूलो पिपरास्थित सडकमा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको ज्यान गएको छ । एचआर ५८ ई ५८९३ नम्बरको ट्रकले ना.४४ प.९८५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक सोही महानगरपालिका-१४ ठूलो पिपरा बस्ने ३५ वर्षीय सहिद अंसारीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको एलएस न्यूरो अस्पताल बारामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार अर्का एक जनाको वीरगञ्ज हेल्थकेयर अस्पतालमा उपचार भइरहेको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै पर्साकै पकाहा मैनपुर गाउँपालिका-३ स्थित सडकमा मोटसाइकल दुर्घटना हुँदा चालकको मृत्युभएको छ ।


*-बाँकी अन्तिम पेजमा...*


# पर्यटक आकर्षणको केन्द्र बन्दै 'ढोरपाटन जलजला'

**ढोरपाटन (बागलुङ),** जेठ २१/पाँच वर्ष अगाडिसम्म जलजला ओझेलमा थियो । फाट्टफुट्ट आन्तरिक पर्यटक पुगे पनि चर्चामा आउन थालेको थिएन । तर, पछिल्लो समय जलजला पुग्ने आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढेको छ । नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनमा पर्ने जलजलामा दैनिकजसो पर्यटक पुग्न थालेका हुन् ।

ढोरपाटन उपत्यकाबाट घना जङ्गल र ठूला जंघार पार गर्दै जलजाल पुग्न सकिन्छ । शान्त वातावरण र आँखै अगाडि देखिने हिमश्रृङखला हेर्नका लागि पर्यटक जलजला जाने गर्छन् । ढोरपाटन उपत्यकादेखि २२ किलोमिटर पूर्वमा रहेको जलजलामा बाह्रै महिना पर्यटक पुग्ने गरेका हुन् । ढोरबराह मन्दिर दर्शन गर्न पुग्ने दर्शनार्थीसमेत यहाँ पुग्न गरेका छन् । बर्खामा हरियाली र हिउँदमा हिउँसँग रमाउने पर्यटकका लागि जलजला उत्कृष्ट गन्तव्य बनेको छ । पहिले असोजदेखि आन्तरिकसहित बाह्य पर्यटक जलजला पुग्ने गरे पनि पछिल्लो समय बाह्रै महिना यहाँ आउने गरेको ढोरपाटन



उपत्यका होटल व्यवसायी सैका अध्यक्ष जीवन पुनले जानकारी दिए । ढोरपाटन उपत्यकादेखि १८ किलोमिटर सवारी साधन र चार किलोमिटर पैदल यात्रामा जलजला पुग्न सकिने उनको भनाइ छ । केही वर्ष अगाडिसम्म ओझेलमा रहेको जलजला प्रचारप्रसार र सडक सञ्जालले जोडिन थालेपछि पर्यटकको आकर्षण बढेको पुनले बताए । यो याममा दैनिक जलजला जाने पर्यटकको संख्या बढिरहेको उनको भनाइ छ । मासिक रुपमा तीन हजारको हाराहारीमा पर्यटक जलजला पुग्ने अध्यक्ष पुन बताउन्छन् । "जलजलाको प्रचारप्रसार बढी भएर होला, अहिले टाढा-टाढाबाट पर्यटक आउन थालेका छन्, ढोरपाटन उपत्यकाबाट बाटो सहज बनेको छ, शान्त वातावरण, अनगिन्ती हिमशृङ्खला र प्रकृतिसँग रमाउन चाहनेहरु जलजला आउँछन्", अध्यक्ष पुनले भने, "पहिले फाट्टफुट्ट मात्रै पर्यटक जलजला पुग्थे, तर हिजोआज धेरै जान थालेका छन्, ढोरपाटनबाट बिहान गएर साँझ फर्किन सकिन्छ, यहाँबाट देखिने हिमशृङ्खलाले धेरैलाई आकर्षित गर्छ ।"


*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## वातावरण संरक्षणमा ध्यान दिऔं

**प्राकतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्धलाई वातावरण भन्ने गरिन्छ । पछिल्लो समय वातावरणीय समस्या एउटा गम्भीर चुनौतीका रूपमा देखिएको छ । मानव जीवनसँग प्रत्यक्ष वा परोक्ष सम्बन्ध राख्ने वातावरण दिनहुँ बिग्रदै जानुले मानवको अस्तित्व नै संकटमा पर्ने सम्भावना बढेको छ । बढ्दो जनसंख्याको कारण भएको अव्यवस्थित सहरीकरण, विभिन्न पूर्वाधारहरूको निर्माण, बढ्दो मात्रामा यातायातका साधनहरूको प्रयोग, विभिन्न रासायनिक पदार्थहरूको प्रयोगले गर्दा वातावरण दिन प्रतिदिन प्रदुषण हुने गरेको छ ।**

**नेपालमा जल, वायु, भूमि प्रदूषणको साथै दृश्य प्रदुषण पनि बढेको छ । मानवीय क्रियाकलापबाट सिर्जित बढ्दो सहरीकरण, फोहोरमैला, आणविक भट्टीबाट निस्कने विषालु ग्याँस, जनसंख्याको तीव्र वृद्धि, प्राकृतिक सम्पदाको तीव्र दोहन आदि नै वातावरणीय विनाशका प्रमुख कारणहरू हुन् । वातावरण तथा पर्यावरणका अवयहरुलाई संरक्षण, व्यवस्थापन र प्रवर्द्धन गर्ने उद्देश्यले हरेक वर्ष विश्व वातावरण दिवस मनाउने गरिन्छ । सन् १९७३ देखि विश्वभर प्रत्येक वर्ष जुन ५ तारिखका दिन यो दिवस मनाउने गरिएको हो । आज पनि नेपालसहित विश्वभर यो दिवस मनाइँदै छ । हरेक वर्ष दिवस मनाइने गरिए पनि यसले सार्थकता भने पाउन सकेको छैन । दिवसले चेतना जागृत गराउने उद्देश्य राखे पनि मानिसमा चेतना अवभावकै कारण वातावरण कुरुप बन्दै गएको छ । प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था संविधानले गरेको छ । वातावरण संरक्षण तीनवटै तहका सरकारको कार्य जिम्मेवारीभित्र पर्छ । वातावरण व्यवस्थापनका लागि नीतिगत तथा अन्य विद्यमान व्यवस्थाहरूले आफैं केही गर्न सक्दैनन् । वातावरण जोगाउन, वातावरणको उचित व्यवस्थापनका लागि त हरेक नागरिक सचेत बन्दै एकढिक्का भएर काम गर्न सक्नुपर्छ । सबैले आफ्नो काम हो भन्ने सोच र जिम्मेवारी बोध गर्नुपर्छ । वातावरण राम्रो बनाउनु हरेक नेपालीको कर्तव्य हो । मानिस स्वस्थ भएर बाँच्न वातावरण स्वस्छ हुनुपर्छ । वातावरण स्वच्छ हुन् जल, जमिन, ध्वनि, दृश्य, वायुलगायत सबै प्रकारका प्रदूषण रोकथाम र नियन्त्रणका लागि सरोकारवाला सबैले ध्यान दिन जरुरी छ ।**

### Opinion @ Social Network

संघर्ष गर्दा लागेको घाउलाई
एक दिन पक्कै सफलताले मलम लगाउने छ ।

*(सुशान्त क्षेत्रीको फेसबुक स्टाटसबाट www.facebook.com//Susant.Xetri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ट्यारोट कार्डको विकासक्रम : खेलदेखि आत्मज्ञानको साधनसम्म



सीमा भट्टराई
तानसेन, पाल्पा

ट्यारोट कार्डलाई आजको युगमा धेरैले भविष्यवाणी, आत्मचिन्तन, र मानसिक मार्गदर्शनको शक्तिशाली माध्यमको रूपमा बुझ्दछन् । तर यसको उत्पत्ति भविष्य जान्ने उपकरणको रूपमा नभई साधारण खेलको कार्डको रूपमा भएको हो । इतिहासमा ट्यारोटको यात्रा विभिन्न संस्कृतिहरू, धार्मिक धारणाहरू र प्रतिकहरूको प्रभावमा परेर क्रमिक रूपमा आध्यात्मिक साधनको रूपमा रूपान्तरण भएको देखिन्छ ।

**प्रारम्भ :**

**चीनमा जन्मिएको पहिलो कार्ड प्रणाली** : ट्यारोटको सबैभन्दा पुरानो रूप चीनको ताङ वंश (६१८-९०७ ई.स.) को समयमा देखा परेको थियो । यस समयको चिनियाँ सभ्यता बौद्ध धर्म, कला, साहित्य र व्यापारमा अत्यन्त समृद्ध मानिन्थ्यो । त्यतिबेला प्रयोगमा रहेका कार्डहरू, जस्तै 'वाइन कार्ड' वा 'मदिरा कार्डहरू,' मा कविता, देवता, र सांस्कृतिक प्रतिकहरू पाइन्थे । यी कार्डहरू मनोरञ्जनको लागि खेलिन्थे, जसमा भविष्यवाणीको कुनै आशय थिएन ।

**१४ औं शताब्दीको अन्त्यतिर युरोप प्रवेश** : ट्यारोट कार्ड भारत हुँदै युरोपमा १४ औं शताब्दीमा मध्यपूर्व वा मुगल साम्राज्यबाट प्रवेश गर्‍यो भन्ने मानिन्छ । प्रारम्भमा यी कार्डहरूलाई 'Mamluk Card' भनिन्थ्यो र खेल खेल्नकै लागि प्रयोग गरिन्थ्यो । १५ औं शताब्दीमा, इटालीका उच्च वर्गीय परिवारहरू बीच 'Trionfiæ -triumph cards' नामक विशिष्ट कार्डहरू विकास भए । यसमा २२ वटा अतिरिक्त चित्रित कार्ड (अर्काना) थपिए, जसले आजको Major Arcana को रूप लिएको छ ।

**प्रिन्टिङ युग र धार्मिक प्रतिबन्ध** : १६ औं शताब्दीमा छापाखानाको विकाससँगै ट्यारोट कार्ड व्यापक रूपमा प्रिन्ट हुन थाल्यो । फ्लोरेन्स, फ्रान्स र स्पेनमा यसको लोकप्रियता बढ्यो । तर, १७ औं शताब्दीमा धार्मिक संस्था–विशेषगरी क्याथोलिक चर्चले केही कार्डहरूलाई अपवित्र मान्दै निषेध गर्‍यो । फिमेल पोप-पोपेस (Female Pope - Papess) कार्डलाई हटाइयो वा रूपान्तरण गरियो ।

**भविष्यवाणीको प्रयोग:** पहिलोपटक १७८१ मा फ्रेन्च विद्वान एंटोनी कोर्ट द गेब्लिनले ट्यारोटलाई इजिप्टियन रहस्यशास्त्रसँग जोड्दै भविष्यवाणीको उपकरणको रूपमा प्रयोग गरे । यसले 'ट्यारोट अफ मार्से (Tarot de Marseille)' लाई लोकप्रिय बनायो, जसमा इजिप्ट, काब्बाला र ज्योतिषको प्रभाव देखिन्छ ।

**आध्यात्मिकता र मनोविज्ञानसँगको सम्बन्ध** : एलिफास लेवी, पापस, र अर्थर एडवर्ड वेटजस्ता रहस्यवादीहरूले ट्यारोटलाई कब्बालाह र ज्योतिषीय तत्वहरूसँग मिलाएर पुन:व्याख्या गरे । १९०९ मा पामेला कोलम्यान स्मिथले डिजाईन गरेको Rider–Waite–Smith डेक सबैभन्दा लोकप्रिय र हालसम्म पनि प्रयोग हुने ट्यारोट डेक बन्यो/कार्ल युङले ट्यारोटलाई "आर्केटाइप्स" (मानव मानसका मौलिक रूपहरू) को रूपमा व्याख्या गरे, जसले मनोवैज्ञानिक प्रयोगको बाटो खोल्यो । ट्यारोट कार्डको इतिहास केवल कार्डको विकास नभएर मानव समाजको आध्यात्मिक, सांस्कृतिक र मनोवैज्ञानिक विकासको कथा हो । खेलको साधनबाट सुरु भइ आत्मज्ञानको उपकरणमा रूपान्तरण भएको ट्यारोट, आज पनि मानिसहरूको जीवनमा आन्तरिक शान्ति, मार्गदर्शन र गहिरो आत्मचिन्तन ल्याउन उपयोगी साबित भइरहेको छ ।

***(लेखक ट्यारोट कार्ड रिडर, शिक्षिका, अनुसन्धानकर्ता तथा Soulful Insight with Seema Pvt.Ltd. की CEO हुन् । उनी आत्मचिन्तन, अर्न्तज्ञान र व्यक्तिगत विकासका क्षेत्रमा सक्रिय रुपमा काम गर्दै आएकी छन् ।)***

# बजेटमा सबल र दुर्वल पक्ष



मेघनाथ दाहाल

आर्थिक वर्ष २०८२/०८३ को लगि तयार पारिएको आम्दानी तथा खर्चको वार्षिक बन्दोस्बतीको रूपरेखाको रूपमा आएको वार्षिक बजेटको लामो भाषण अर्थमन्त्रीले संसद्को दुवै सदनका सदस्यको उपस्थितिमा गर्नुभयो । साधारण खर्च, विकासका लागि विनियोजित रकम र मुलुकले लिएको सार्वजनिक ऋणको सावाँ तथा ब्याजको भुक्तानीको नमित्ति छुट्ट्याइएको सहित कूल रकम १९ खर्ब ६४ अर्ब ११ करोडको रहेको देखयो । चालु आर्थिक वर्षको भन्दा मात्रामा १०३ अर्ब ८१ करोडमात्र बढी हो भने प्रतशितमा पाँच बढी देखियो भने संशोधित अनुमानभन्दा थोरै आकार रहेको पाइयो । चालु खर्च ११८० अर्ब ८१ करोड छ भने पुँजीगत खर्च ४०७ अर्ब र वत्तीय व्यवस्थापनमा ३७५ अर्ब विनियोजित छ । त्यसैगरी स्रोतको जोहोअन्तर्गत राजस्व परिचालनमा १३१५ अर्ब वैदेशिक ऋणमा २३३ अर्ब र आन्तरिक ऋणको हकमा ३६२ अर्ब विनियोजिन गरिएको छ । वैदेशिक अनुदानको हकमा भनेमात्र ५३ अर्ब प्रक्षेपण भएको छ ।

बजेट भाषणमार्फत आर्थिक वर्ष २०८२/०८३ को बजेटमा आएका धेरैजसो नीतिगत पक्ष जस्तो उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई पुरष्कृत गर्ने स्टार्टअपका लागि विशेष प्रोत्साहनलगायत धेरै विषय कार्यान्वयनमा लैजान विद्यमान गठबन्धन सफल भएकोखण्डमा राम्रा देखिएका छन् । कतिपय विषयमा भने कर्मकाण्डी जस्ता देखिएका छन् जसमा हजुरबाले बिरालो बाँधेर श्राद्ध गरेको कथा जस्तोमात्र देखिएको छ । एमालेबाट पटकपटक अर्थमन्त्रालयको जिम्मेवारी पाएका यी भाग्यशाली मन्त्रीको हकमा यो वार्षिक बजेटको भाषण गरिरहँदा सधैं कर्मचारीलगायत तलब बढाउने ट्याग लागेका कारण ठूलो भरोसमा भएका तीन हजारको महँगी भत्ताको ललपिपले भने गाली गर्न पछि परेनन् । साधारण खर्च अचाक्ली बढाएर भोलिको पुस्ताका गाली खानुभन्दा उत्पादनमूलुक काममा सहयोग गर्न सकेमा मुलुक राम्रो हुनसक्छ । समग्रमा सन्तुलित वार्षिक बजेटको रूपमा लिइएको नयाँ बजेटको कार्यान्वयन पक्षाले नै विद्यमान गठबन्धनको अन्तिम अग्नि परीक्षा लिने कुरामा कुनै शंका देखिँदैन । बजेटको आकार र कार्यान्वयन पक्षबीच तादाम्यता छैन । किनभने चालु आर्थिक वर्षमा उठेको राजस्वको मात्रा र मन्त्रीले राख्नुभएको लक्ष्यमा कसरी मेल खाला ? हालको आर्थिक तथा व्यावसायिक गतिविधिको आधारमा अनुमानित १३१५ अर्बको राजस्व परचिालन वीरबलको खिचडी होभन्दा फरक पर्दैन । त्यसैगरी पुँजीगत खर्चको हकमा हाल कायम रहेको नेपालको विकास सम्बन्धी ढिलासुस्ती वं काम गराइ र विनियोजित ४०७ अर्बको बजेटको कार्यान्वयनले कसरी काम गर्ला भन्ने नै हो । पहिलो त राजस्व परिचालनले साथ दिएकोखण्डमा विनियोजित रकमा विकास निर्माणको कामको निमित्त सहज रूपमा विनियोजन गर्न सकिन्छ । चालु आर्थिक वर्षको हकमा यो रकम वित्तीय व्यवस्थापनभन्दा कम थियो । पुँजीगत खर्चको समयमै गरिने परिचालन र राजस्व परिचालनबीच सकारात्मक सम्बन्ध रहने भएकाले सरकारले सचेत हुनुपर्ने हुन्छ । राजस्व परिचालनमा फड्को मार्न सक्ने ठाउँ छैन । अनुदानको अवस्था विधितै छ । ६ सय अर्बभन्दा माथिको ऋणको बोझ पर्नेछ । साधारण खर्चको बोझ कम गर्न तथा स्रोतको अभावमा विगत तीन वर्षदेखि बढ्न नसकेको कर्मचारीको तलब वृद्धिको हकमा महँगी भत्ता सबैलाई समान रूपमा समान्य अंकमा बढाइएको छ । यसले स्रोत अभाव भएको समयमा सरकारको हकमा राम्रो गर्ला । कर्मचारी एवं समग्र राष्ट्रसेवकको कार्यक्षमताको हकमा भने नकारात्मकताको भावना विकास गराउनसक्ने हुनसक्छ । यसको साथमा विगत तीन वर्षदेखि नबढेको यो रकम अर्को आर्थिक वर्षको निम्ति निकै चुनौतीपूर्ण छ । सधैं सरकारको निम्ति भकारी खाली छ भनेर समस्याबाट भाग्ने छुट रहँदैन । नयाँ सम्भावनाको खोजीमा यो बजेटको सफलता बारे अहिले भन्न सकिने अवस्था छैन । कम्तीमा पनि अर्धवार्षिक समीक्षामा केही तथ्य बाहिर आउलान् । कृषि, पर्यटन, सूचना प्रविधिलगायत नयाँ स्टार्टअपको हकमा बजेटमा गरिएको नीतिगत व्यवस्थाले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्नेछ । युवाजमातको हकमा सूचना प्रविधि र पर्यटनको हकमा जति आकर्षक कृषि र अन्य क्षेत्र नपर्ने भएकाले सरकारका लागि कार्यान्वयनमा कठिनाइ छ । बजेटले नीतिगत रूपमा व्यवस्था गरेको सहकारीमा अपचलन भएको रकमको भुक्तानी गर्ने कुरा प्रशंसायोग्य छ तर यसको पछाडिको सबैभन्दा अफ्ठ्यारो भनेकै समस्यामा भएका सबै सहकारी कुनै न कुनै रूपमा सत्ता वा सरकारको निकट भएकाले रकम उठाउने काम यो वा त्यो निहुँमा पन्छिन सक्छ । सहकारीको अधिकांश रकम भनेको घरजग्गामा लगानी भएको तर यो क्षेत्रमा लगानीकर्ता हाल पर्ख र हेरको अवस्थाबाट गुज्रिरहेकाले अपचलन भएको रकमको भुक्तानी प्रक्रिया सहज देखिँदैन । राजनीतिक पहुँच नभएका धेरै सहकारीमा समस्या धेरै छैनन् । सत्ता, दलबलको भरमा सर्वसाधारणको रकम गाउँका ठूलाबडाकै मिलेमतोमा अपचलन भएको विभिन्न प्रतिवेदनले देखाएका छन् तर यो राम्रो कामको सुरुवात हो । आर्थिक वर्ष २०८२/०८३ को बजेटको अर्को सबल पक्ष भनेको पुँजीगत वृद्धि हो । वित्तीय व्यवस्थापनका लागि विनियोजित रकमभन्दा लगभग ३० अर्ब रकमले बढी विनियोजनले अर्थतन्त्रमा थोरै भए पनि सकारात्मकता छ । स्रोतको जोहोको निश्चित नभएकाले अन्तिममा आशामात्र हुने हो कि । समयमा खर्चिन सक्ने हो भने अर्थतन्त्रमा सुधारका धेरै संकेत देखिन सक्छन् । विगत तीन-चार वर्षदेखि खर्च तीन खर्ब पुग्न सकेको छैन । कतिपय अवस्थामा त अर्थमन्त्रीले यो चुनौतीको सामना गर्नुभएको छ । निजी क्षेत्रले बजेटलाई स्वागत गरेको छ । नयाँ व्यवसाय सञ्चालन तथा लगानीमैत्री वातावरण निर्माणमा सहयोगी हुने विश्वास लिएको छ । राजस्व परिचालन, सार्वजनिक एवं निजी लगानीको वृद्धि हुनसकेमा पाँच प्रतशित माथि र ६ प्रतशित तलको आँकडामा आर्थिक वृद्धिदर पुग्ने देखिन्छ । महिला उद्यमीको हकमा दर्ता नि:शुल्क गरिदिने घोषणाले उद्यमी बन्ने चाहना गरेका महिलाको हकमा उत्प्रेरणाको काम गरेको छ । वार्षिक बजेट सन्तुलित देखिएको छ तर साहसिक भने छैन । हालको मुलुकको आर्थिक अवस्था सुस्त भएकाले रोजगार सिर्जनामा व्यवधान एवं उपभोक्ता दुवैको मनोबल बढाउने किसिमको हुनुपर्नेमा अर्थमन्त्रीले बडो चलाखीपूर्ण हिसाबले कसैलाई पनि हानी नगर्ने खाका प्रस्तुत गर्नुभएको छ । यद्यपि अर्धवार्षिक समीक्षाको समयपछि धेरै पक्ष खासमा राजस्व परिचालनमा २५० अर्ब जतिको कमी तथा पुँजीगत खर्चमा भने १०० अर्बको कटौतीको अहिलै अनुमान लगाउने सम्भावना धरै छन् । ***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :व्यवसायमा धनलाभका योग छन् । पठन-पाठनको उचित समय रहेको छ। | **तुला** : विशिष्ट व्यक्तिहरूसँग भेट हुनेछ। कानुनी समस्याबाट मुक्ति मिल्नेछ। |
| **वृष** : दिन उत्साहले परिपूर्ण रहनेछ। सन्तान पक्षबाट शुभ समाचार मिल्नेछ। | **वृश्चिक** : कार्यक्षेत्रमा नयाँ योजनाहरू बन्नेछन्। व्यापारमा सामान्य लाभ रहनेछ। |
| **मिथुन** : कार्यक्षेत्रमा सफलता मिल्नेछ। राजनीतिक क्षेत्रमा अवसर मिल्ने योग छ। | **धनु** :शेयर बजारबाट लाभ मिल्न सक्छ।आफन्तहरूबाट शुभ सूचना मिल्नेछ। |
| **कर्कट** : मातापिताको सल्लाह अवश्य लिनुहोला। मित्रहरूसँग रमाइलो समय बित्नेछ। | **मकर** : व्यवसायमा लाभको स्थिति रहेको छ। बौद्धिक क्षमताको तारिफ हुनेछ। |
| **सिंह** : व्यवसाय दुबैमा अर्काको भर नपर्नुहोला। लगानी लगाउनुदेखि बच्नुहोस्। | **कुम्भ** : नोकरी वा पेशामा प्रभाव बढ्नेछ। आफन्तहरूसँग भेटघाटका योग छन्। |
| **कन्या** : प्रतिष्ठा बढ्नुका साथै कार्यक्षेत्रमा सम्मान बढ्नेछ। शत्रुहरू परास्त हुनेछन्। | **मीन** : मेहनतले सफलता मिल्नेछ । आफ्नो गुप्त कुराहरु कसैसंग नभन्नुहोस्। |




बालनाटक ● कमल रिजाल

# गुरु आमा र विद्यार्थी



स्थान सामुदायिक विद्यालयको आँगन । समय बिहानको करीव ९:४५ बजे । नेपथ्यमा स्कुलको भवन, स्कुल परिसर र सुन्दर बगैंचा देखिन्छ । आँगनमा कक्षा एकका १५:२० जना भाइबहिनीहरू खेलिरहेका छन् । गुरु आमा प्रवेश गर्नुभएपछि राष्टगान बज्न सुरू हुन्छ । सबैले एकैस्वरमा गाउँछन् । विद्यार्थीहरू ( राष्टगान सकिएपछि) - 'नमस्कार गुरु आमा !' गुरु आमा -(बस्दै) - नमस्ते बाबुनानी हो ! के छ हालचाल ? सबैले गृहकार्य गऱ्यौ होइन त ?' विद्यार्थीहरू (एकै स्वरमा) - हो, गुरु आमा ! गऱ्यौं ।' गुरु आमा - बिहान कति बजे उठेर केके गऱ्यौ भन त ।' विद्यार्थीहरू - पाँच बजे उठ्यौं । दुई गिलास पानी खायौं । दिशापिसाब गरेपछि दाँत माझेर नुहायौं । अनि एक छिन खेल्यौं । त्यसपछि खाना खाएर स्कूल आयौं गुरु आमा !' गुरु आमा - दिशापिसाब गरेपछि सबैले साबुन पानीले मिचिमिची हात धोयौ होइन ?' विद्यार्थीहरू - हो, गुरु आमा ! त्यसै गऱ्यौं ।' गुरु आमा - स्यावास् । अनि दाँत कसरी माझ्यौ नि ?' विद्यार्थीहरू - ब्रसले मञ्जनलाई मुखमा दायाँबायाँ घुमाएर माझ्यौं गुरु आमा !' गुरु आमा - 'यहाँ भने गल्ती गऱ्यौ, त्यसरी दाँत माझ्ने होइन ।' विद्यार्थीहरू - कसरी माझ्ने त गुरु आमा !' गुरु आमा - पहिले मञ्जन लगाएर हातले दुई मिनेट जति दाँत र गिँजालाई कुनाकुनासम्म पुग्ने गरी मल्नुपर्छ । अनि ब्रसलाई तलमाथि ( दायाँ बायाँ होइन) गरेर सफा गर्नुपर्छ । नत्र दाँत चाँडै नै बिग्रन सक्छ । बुझ्यौ ?' विद्यार्थी रामु - ओ हो त्यो त थाहै थिएन । किन त्यस्तो गर्नुपर्छ गुरु आमा !' गुरु आमा - हो, ठीक भन्यौ । सबैले बुझिराख्नुपर्ने कुरा गऱ्यौ । हामीले खाएका खानाका स-साना कण दाँतमा अड्केका हुन्छन् । यसले मुख गनाउने र दाँत बिग्रने समस्या आउन सक्छ । त्यसैले सकिन्छ भने बिहान बेलुका खानापछि दिनको दुईपटक माथि भने जस्तै गरी दाँत माझ्नुपर्छ । त्यो सम्भव नभए पनि बिहान एकपटक त माझ्नैपर्छ । ब्रसलाई दायाँबायाँ गरी चलाउँदा इनामेल खिएर चाँडै नै दाँत सड्न सक्छ बुझ्यौ ?' विद्यार्थीहरू - बुझ्यौं गुरु आमा !' गुरु आमा - यस बाहेक केके गऱ्यौ नि ? बाबा आमाका काममा पनि सघायौ कि ?' विद्यार्थीहरू - हो, गुरु आमा ! अलिअलि सघायौं ।' गुरु आमा - कसले केकस्तो काममा सघायौ भन त ?' विद्यार्थी चम्पा - आमाले भ्याउनुभएको थिएन । त्यसैले आलु पखालेर काट्ने काममा सघाएँ ।' गुरु आमा - अनि रामुले ?' रामु - मैले खसीलाई बारीबाट घाँस काटेर ल्याएँ ।' गुरु आमा - अनि अरूले नि ?' बाँकी विद्यार्थीहरू - कसैले केही भने, कसैले केही । गुरु आमा - हो, ठीक गऱ्यौं, स्कुलको घन्टी बज्यो । जाउँ हिँड कक्षा कोठातिर । विद्यार्थीहरू हस गुरु आमा ! भन्दै गुरु आमासँगै कक्षा कोठामा छिर्चन् । पर्दा खस्छ ।

*-रातोपाटी डटकम*






**नामः फ्रान्सिका भट्टराई**
**उमेर : ७ वर्ष**
**स्कुल : सेन्ट कपितानियो स्कुल**

कथा ● गणेश रसिक

# सन्तवीर गाउँमा छैन

सा रजन्नी भाउजू पल्टन जानुभयो । त्यस दिनदेखि नून खाएको कुखु रो भएको छ सन्तवी र । आज-भोलि साँझपख बज्ने जो रमु रली पनि सुनिदैन गाउँमा । जुन दिन सा रजन्नी भाउजूले गाउँ छाड्नुभयो त्यसै दिन सन्तवी रको हर्ष, खुशी र आनन्दहरू उहाँले आफ्नो सुटकेसमा बन्द ग रे र जानुभयो । आजभोलि गाउँमा एक्लो छ सन्तवी र ! हुन त आमा बा छन् सन्तवी रका । आठजना दाजुभाइ, दिदीबहिनीको हकवाला पनि हो सन्तवी र । त र ती सबैलाई उसको आत्माले आफ्नो ठान्दैन । आत्माले आफ्नो नठानेपछि आफ्नाहरू पनि प राई जस्तै । बरु रगतको वा फा रयाको कुनै नाता छैन सा रजन्नी भाउजूसँग । त र लाग्छ उसको जन्म भने केवल सा रजन्नी भाउजूकै निम्ति हो । सा रजन्नी भाउजूले गाउँ छोड्नु भएदेखि मानसिक रूपमा विक्षिप्त सन्तवी र कति दिन बिना भातपानी केवल रक्सीले माते र बा रीका कान्ला, खेतका आलीहरूलाई सि रानी हाले र निदायो । बतासिएको पुतली भए र जङ्गल, पाखा, पर्वत र नागीहरू चहार्यो । कहिले खोलाका किना रैकिना र दौडँदै घाँगीमा हामफाल्यो । जियाद्रो रहेछ म रेन, आधापिल्टो भयो । सन्तवी रको यस्तो दुर्दशा देखे र गाउँका रूढिवादी थाङ्नाहरू उल्टै कु रा काट्छन्, "सा रजन्नीले पल्टन जाने बेलामा पनि सन्तवी रको मोहनी फुकाइदिएनछे क्या रे !" सा रजन्नी भाउजूको बान्की प रेको श री र, हिस्सी प रेको अनुहा र देखे र या मोहनी बोली सुने र कसै पनि उमे रको अन्दाज गर्न कठिन छ अनि झट्ट हेर्दा तीनजना छो राछो रीकी आमा भने र पत्याउन पनि गाह्रै पर्छ । जो कोहीसँग पनि एकपटक भेटे र दोहो रो कु रा गरिसकेपछि ढुङ्गाको मन भएका मान्छेको पनि पग्लिनै पर्ने हुन्छ र चित्तआकर्षक भाउजूको बानी बेहो रा देखे र सधैं भेटि रहूँ भन्ने चाहना पनि मनले गर्छ । यस्ती सा रजन्नी भाउजू अभावैअभाव, ग रीबी र थोत्रा लुगाहरूमा जन्मे र हुर्किएको नि रीह सन्तवी रका लागि भाग्योदय चिटठा भइन् । खालीखुट्टे सन्तवी रले सार्जने पल्टनबाट ल्याएको डीएम बुट पायो । उनी स्विट र कम्प्याक्ट ड्रेस, डाड्री पायो । जाडोमा लगाउने ओभ रकोट र छत्रे टोपी पायो । लुम्रे, झुप्रे सिकुटे सन्तवी रले सा रजान्नी खान्कीको पोस लागे र भालुवासको तामाजस्तै हलक्कै हलक्कियो । सार्जनको जडाउ री लगाए र सा रजन्नीसँग ठाँटिए र हिँड्दा ऊ सन्तवी रभन्दा सार्जनको 'डुब्लिकेट' जस्तो देखिन्थ्यो । दुवैको यस्तो चाला देखे र चिन्नेहरू जिब्रो फड्काउँदै कु रा काट्थे, "यो सन्ते र सा रजन्नी मिले र सोझा सार्जनलाई उठिबास लगाउने भए ।" सा रजन्ती भाउजूका सासूससु रा पितृ भएको माडकोठामा पसिसके । नन्दआमाजू प राईका चूल्हामा पसिसके । लोग्ने पल्टनमा । आफू एक्लै छो राछो री सम्हाले र खेतबा री गर्दै पहाडको घ र गा रखानु कति अप्ठ्या रो छ भन्ने भोग्नेहरूलाई मात्रा थाहा हुन्छ । कतै घ र छाडे र एकदिनका लागि बाहि र जानु प रे, मूलढोकामा ताल्चा लाग्छ, सुंगु र, कुखु रा थुन्न-खोल्न, गाईवस्तुलाई घस्याउटा, भका रो सोहोर्न खेताला खोज्नुपर्छ । यस्तै दिनचर्यामाझ चाहना, आवेग, भावना र आत्मीयताले डो रह्याउँदै सन्तवी रलाई सा रजन्नी भाउजूको घ रआँगनमा पु रह्यायो । उदा र भावना, खुल्ला स्वभाव र विशाल फदयकी सा रजन्नी भाउजूको माया र ममताको छहा रीमा सन्तवी रले आफ्नो जन्मघ रलाई बिर्सन क र लाग्यो । आमाबाबुको मायालाई दागबत्ती दियो । अब आफ्नो घ रमा बाँचेको अभाव, ग रीबी, दु:ख, पीडाका सीमाहीन क्षणहरूलाई फर्के र पनि हेर्न चाहँदैन । ती क्षणहरूलाई सम्झे र ऊ अति भावुक हुन्छ त र त्यत्रा अजङ्गका दु:खका टेम्के पहाडहरू बोके र जीवनका सप्तकोशीहरू उसको नाङ्गो श री र तर्न सक्दैन । नियतिले डो रह्याए र उसलाई जहाँ ल्याए र थन्काएको छ, त्यहीं नै जीवनको सत्य हो भने र चित्त बुझाउँदछ- सन्तवी र ३ सन्तवी रलाई थाहा छ, यस घ रमा सा रजन्नी भाउजू हुनुहुन्न । त र जबजब यस घ रभित्र ऊ पस्छ, तबतब उसलाई एक्लो भएको महसूस कहिल्यै हुँदैन । यहाँका प्रत्येक कोठा, राखनध रान, ठाउँ जिनिसहरू माझ सा रजन्नी भाउजूको उपस्थितिको आभास हुन्छ । छुट्टिने समयको सा रजन्नी भाउजूको बोली सन्तवी रको कानमा टेप रेकर्ड भए र गुन्जि रहन्छ- "म गए पनि चिन्ता नगर्नु सन्ते भाइ ! बरु मन प रेकी केटी छानि राख्नु, अर्को साल आउँदा तिम्रो विवाह गा रदिन्छु । शायद अब हामी गाउँ होइन काठमाडौं बस्छौं होला । छो राछो री हुर्किए, पढाउनु छ, यो घ र तिमीले सम्हाल्नुपर्छ-मे रो देव र भए र ।" सा रजन्नी भाउजूको कु रा सुने र एकक्षण आवाक् भयो- सन्तवी र ! उसको बन्द दिमागको ढोकाबाट बल्ल अलिकति उज्यालो पस्यो - सा रजन्नी भाउजूको मायामा ऊ आफू यति साह्रो पात्तिएछ- उसले यो बैंसमा पनि अरू केटीति र आँखा लगाउने र मैले पनि विवाह गर्नुपर्छ भन्ने सोच्ने फुर्सदै पाएनछ । आफ्नो विवाह गा रदिने सुने र तन्ने री सन्तवी र खुशीभन्दा बढी खिन्न भयो । कहाँ सा रजन्नी भाउजूको माया, जसको निम्ति ऊ आजीवन विवाह नग री बस्न राजी छ । एउटालाई दिइसकेको माया फे र अर्कोलाई कस री दिन सकिन्छ ? सम्झिंदा वि रक्तिए र आउँछ सन्तवी रको मन । "मलाई बिदा दिनोस् भाउजू, यस घ रमा तपाईं गइसकेपछि को छ र मे रो ....।" सन्तवी रले सा रजन्नी भाउजूसँग आफ्नो बहको तितो पोख्न चाह्यो । त र सा रजन्नी भाउजूको आँखाको कटाक्ष सम्मोहनयुक्त सियो र धागोले टम्म सिलाइसकेको छ, नि रीह सन्तवी रको ओठ । ऊ बोल्न सक्दैन । कुनै आदेश वा इशा रा आयो भने पनि ऊ त्यसलाई नाघे र जानसक्दैन । बरु सा रजन्नी भाउजूप्रति ऊ यति नतमस्तक, इमानदा र अनुशासित र समर्पित छ । सन्तवी र ! तिमी मर्न जाऊ भन्यो भने पनि ऊ तत्कालै खुकु रीले से रन तया र हुन्छ । गाउँमा पल्टनबाट बिदा आउने र बिदा सके र पल्टन फर्कने क्रम यथावत् छ । यही बिचमा पल्टनबाट बिदामा आए जमदा रका लाहु रे छो रा-बुहा री । सन्तवी रलाई खब र आयो - उसको नाममा सा रजन्नी भाउजूले केही खर्च र पार्सल पठाउनु भएको छ । सन्तवी र जमदा रको घ र पुग्दा, सिकुवामा जमदा रबा, लाहु रे छो रा र छिमेकीहरू साथ मग्नमस्त थिए गफमा । अरूबेला भन्दा छुट्टीमा आएको लाहु रेको घ रमा तमकझमक नै बेग्लै हुन्छ । त्यही खुशीको रमझममा मिसिन पुग्यो सन्तवी र । जमदा रकी बुहा री हातमा पार्सल र नगद लिए र निस्किन् । गो रो धपक्क बलेको अनुहा रमा सुलुत्त प रेको चम्किलो दुई आँखाले सन्तवी रलाई हेर्दा झन्डै बेहोस भयो । "सन्ते भाइ, तिमी त तीन वर्षमा कति लाठे भएछौ" जमदा रकी बुहा री यति राम्री थिइन् भने र पहिले केटाकेटी उमे र भएकाले यादै ग रेको रहेनछ । झन आफू लाठे भएको बेहो रा जमदा रकी बुहा रीको मुखबाट सुन्न पाउँदा सन्तवी र दङ्दास पर्यो, र सा रजन्नी भाउजूले छोडे र गएदेखि ह राएको उसको अनुहा रको चहक बल्ल आजै मात्र देखापर्यो । जब सन्तवी र पार्सल र नगद बोके र घ रको बाटो फिर्यो । बाटोभ रि उसका आँखामा सा रजन्नी भाउजूको ठाउँमा जमदा रकी बुहा री उभिएकी थिइन् । सा रजन्नी भाउज्यूसँग छुटेपछि, नितान्त एक्लो, दु:खी र असहाय भएको सन्तवी रले जमदा रकी बुहा रीसँग भेटेपछि केही पाएजस्तो भयो । पार्सल नगद हातमा थाप्दा उनले केके समाचा र भनिन् सन्तवी रले राम्रै सुनेको हो त र कुनै हेक्का राख्न सकेन । भावशून्य भए र जमदा रकी बुहा री हे रे र टोलाइ रह्यो सन्तवी र । शायद एकोहो रो प्रेममा सीमा नाघेपछि सबै प्रेमीहरू सन्तवी र हुन्छन् । जमदा रको लाहु रे छो रो, आफ्नी श्रीमती, छो राछो रीलाई आमा-बाबुको साथमा छोडे र पल्टन फर्कियो । सन्तवी र, जमादा रको घ रदलान कुनै न कुनै बहानाले दिनको एकपटक नटेकी सक्दैन । त्यस घ र र त्यसघ रको बुहा रीको अदृश्य सम्मोहनले सन्तवी रलाई जब रजस्ती घोक्राए र ल्याउँछ । नआउन्जेल त्यस घ रका लागि नौलो र प राई सन्तवी र आउन थालेपछि मायामोहले नजिक र सहयोगी हुन थाल्यो । खेतबा री, मेलापात, दाउ रा, घाँस, सघाउपघाउ बलको काम गर्न फुर्तिलो र छरितो सन्तवी रले जमदा र, जमदारिनीको मात्र होइन उनीहरूकी बुहा रीको मन जित्न पनि सफल भयो । साँझपख, धे रै दिनदेखि बज्न छोडेको सन्तवी रको जो रमु रली फे रि सुनिन थाल्यो । पात झ रे र सिक्रिएका बैंसका हाँगाहरूमा नयाँ जोश र जाँग रले नयाँ पालुवाहरू पाउलिए । उसको अनुहा र नै फे रि रए र घामझैं तेजिलो भयो । सन्तवी रमा आएको यो प रिवर्तन देखे र गाउँकै आहा रि रसे डाढेहरूले कु रा काट्न थालिहाले- "सा रजन्नी भाउजूले सन्तवी रलाई लगाएको मोहनी जमदा रकी बुहा रीले उल्टाइदिएजस्तो छ ।" सन्तवी रले यो हल्ला सुन्दा पहिलो पल्ट झस्कियो । उसले त थाहा नपाई सा रजन्नी भाउजूको ठाँउमा जमदा रकी बुहा रीलाई एकोहो रो प्रेम गर्न थालिसकेछ । ऊभित्रको यो पापको सुइँको सा रजन्नी भाउजूले पाइन् भने मे रो के गति होला ? र, मप्रति के सोच्लिन् ? सन्तवी र सा रजन्नी भाउजूको टिठलाग्दो अनुहा र सम्झे र द्रवित हुन्छ र कताकता कुबाटो पो लाग्दैछु भन्ने मनभित्र आशङ्का र ड र उब्जिन्छ । त र ग रोस् के, कहाँ को कहाँ समुद्रपा री छ सा रजन्नी भाउजूको माया । आफू यहीं एक्लै, बैंस छ उमे र छ, इच्छा र चाहना छ, उसलाई पनि हाँसखेल, ठट्टा गर्न मन लाग्छ । मायाको भा री चौता री खोजे र बिसाउने चाहना हुन्छ । यही चाहनाको साका र रूप जमदा रकी बुहा री उसको जीवनमा आइन् भने पनि सन्तवी रले सा रजन्नी भाउजूलाई चटक्कै माया मार्न भने सक्दैन कहिल्यै पनि जमदा रकी बुहा रीको चिच्चाहट सुने र हिंडि रहेकाहरू सबै फ रक्क फर्किए । सुसेली पार्दै होहल्ला गर्दै घटनास्थलति र सबै हाँक्किए । निमेषभ रमै सबै एक गोला प रे । घटनास्थलमा जमदा रकी बुहा री मात्रै एक्लै थिइन् । सन्तवी र अँध्या रोमा उफ्रिएको उपियाँझैं बेपत्ता भयो । जमदा रकी बुहा री रिसले दाह्रा किट्दै थ रथ र काम्दै थिइन् । "यस पातकीले सबै स्वास्नी मान्छेहरूलाई सा रजन्नी भाउजूझैं ठान्छ कि कसो ? मान्छेको फेला नप रेको साला कुकु र ! किन भाग्छस् ए आइज.....।" नामर्द । डाँका सन्ते.....! बाबुको छो रा होस् भने आइज...।" त्यस साँझदेखि सन्तवी र गाउँमा छैन ।

*-साहित्यपोस्ट डटकम*

# आज विश्व वातावरण दिवस मनाइँदै




**पाल्पा,** जेठ २२/आज नेपालमा पनि विश्व वातावरण दिवस मनाइँदै छ । संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको आह्वानमा हरेक वर्ष जुन ५ तारिखमा यो दिवस विश्वभर मनाउने गरिन्छ । सन् १९७३ देखि विश्व वातावरण दिवस मनाउन सुरु गरिएको हो ।

दिवसका अवसरमा वातारणको संरक्षण र सम्बर्द्धन सम्बन्धी विभिन्न चेतनामुलक कार्यक्रम गरिदैछ । बढ्दो वन विनासले निम्त्याएको वातावरणीय समस्या समाधान तथा पृथ्वीको तापमान वृद्धिलाई ध्यानमा राख्दै वातावरण संरक्षणमा नै सिंगो मानव जातीको हित हुने कुरामा दिवसले जोड दिएको छ । दिवसका अवसरमा वायुमण्डललाई हानी पुयाउने कार्बन ग्यासको बढ्दो उत्पादन घटाउने, वृक्षारोपण गर्ने, हरितगृह प्रभाव कम गर्ने, वैकल्पिक ऊर्जाका लागि सौर्य उर्जाको प्रयोग बढाउने लगायतका काममा सबैलाई जुट्न विज्ञहरुले आग्रह गरेका छन् । नेपालमा जल, वायु, भूमि प्रदूषणको साथै दृश्य प्रदुषण पनि बढेको छ । मानवीय क्रियाकलापबाट सिर्जित बढ्दो सहरीकरण, फोहोरमैला, आणविक भट्टीबाट निस्कने विषालु ग्याँस, जनसंख्याको तीव्र वृद्धि, प्राकृतिक सम्पदाको तीव्र दोहन आदि नै वातावरणीय विनाशका प्रमुख कारणहरू हुन् । वास्तवमा वातावरणीय विनाशको कारणले मरुभूमीकरण वर्षा, ओजोन तह नष्ट, बाढी पहिरो र हरित गृह प्रभाव बढ्ने क्रममा छ । वातावरण विनासले जलवायु परिवर्तनको असर समेत देखापरेको अवस्था छ । जलवायु परिवर्तनका कारण आम मानिसको जीवनमा समेत असर पुऱ्याउन थालिकेको छ । वातावरणलाई स्वच्छ र सफा बनाउने दिशामा समयमै सोचिएन भने यसले विकराल रुप लिन सक्ने देखिन्छ । वातावरणको सिर्जना पृथ्वीमा रहेका जीवजगत र प्राकृतिक सम्पदाहरूको संयोगबाट हुने भएपनि यसको संरक्षणमा मानव जातिको महत्वपूर्ण भूमिका हुन्छ । संयुक्त राष्ट्रसंघले सन् २०२१ देखि २०३० सम्मको दशकलाई परिस्थितिकीय प्रणालीको पुन:स्थापनाको दशकको रुपमा मनाउने आह्वान गरेको छ । सोही अनुरुप नै नेपालमा पनि यो दिवस मनाइँदै आएको छ ।

# पर्यटक आकर्षणको केन्द्र...

...यति बेला गर्मी बढेको हुँदा तराईबाट पनि घुम्न आउने बढी छन् । समुद्री सतहदेखि तीन हजार ४०० मिटरको उचाइमा रहेको जलजलाबाट धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण, मानापाथी, पुथा, चुरेन, गुर्जा, निलगिरीलगायत दुई दर्जन बढी हिमाल एकै ठाउँमा उभिएर नजिकै देख्न सकिने पुन बताउन्छन् । पर्यटकको सङ्ख्या बढेपछि होलट व्यवसायसमेत फस्टाउन थालेको उनको भनाइ छ । ढोरपाटन आउने पर्यटकलाई अघिल्लो दिन नै होटलका लागि सम्पर्क गरेर आउन अध्यक्ष पुनले आग्रह गरे । भैरहवाबाट ढोरपाटन आउनुभएका सुदीप सुवेदीले जलजला निकै सुन्दर रहेको बताए । तराईमा अत्याधिक गर्मी हुँदा एक साताका लागि ढोरपाटन घुम्न आएको सुनाउँदै जलजला पुग्दा शीतलता प्राप्त भएको उनको भनाइ छ । जलजलालाई प्राकृतिक सुन्दरताले भरिपूर्ण भएको भन्दै जलजलासम्म पुग्ने सडकलाई सहज बनाउन सके पर्यटक बढ्ने सुवेदीले बताए । उनले भने, "तराईमा निकै गर्मी छ, केही दिन भए पनि शीतलता लिनका लागि ढोरपाटन जाउँ भनेर आएका थियौँ, यहाँ आएपछि होटल व्यवसायी दाईहरुले जलजलासम्म पुगे, सुरुमा त खास्सै जान मन थिएन, पछि साथीहरुसँग त्यहाँ पुग्दा निकै मन फुरुङ्ग भयो, अहिलेसम्म मेरो जीवनकालमा यति धेरै हिमाल एकै ठाउँबाट देखेको थिएन, यो ठाउँ साँच्चिकै स्वर्गभन्दा कम छैन ।" पोखराबाट घुम्न आएका नितेश तामाङले जलजला क्षेत्र निकै मनमोहक रहेको बताए । बुर्तिबाङ बजारदेखि ढोरपाटनसम्मको सडकमा जोखिमपूर्ण यात्रा गर्दा डर लागे पनि जलजला पुग्दा छुट्टै आनन्द आउने उनको भनाइ छ । राज्यले सडक र पदमार्गलाई व्यवस्थित गर्न सके बढीभन्दा बढी विदेशी पर्यटक भित्र्याउन सकिने तामाङ बताउन्छन् । ढोरपाटनसम्म पुग्ने सडक मात्रै व्यवस्थित हुन सके जलजलामा पर्यटकको भिडभाड बढ्ने उनको भनाइ छ । पछिल्लो समय ढोरपाटन पुग्ने पर्यटक जलजलासँगै बर्खामा बुकीपाटन पनि पुग्ने गरेका छन् । उपत्यकादेखि करिब साढे चार घण्टाको पैदल यात्रमा पुग्न सकिने बुकीपाटन निकै मनमोहक छ । साँघुरो र अप्ठ्यारो पदमार्ग हुँदै पर्यटक बुकीपाटन पुग्ने गरेका छन् । यस वर्ष उद्योग तथा पर्यटन कार्यालय बागलुङ्ले पाखाथरदेखि गर्पाछेडासम्म तीन किलोमिटर पदमार्ग निर्माण गरिरहेको छ । गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु २० लाखमा पदमार्ग निर्माण भइरहेको उद्योग तथा पर्यटन कार्यालयका प्रमुख पारसिंह थापाले जानकारी दिए । पर्यटकलाई बुकीपाटन पुग्न सहज होस् भन्ने उद्देश्यले पदमार्ग निर्माण गर्न थालिएको उनको भनाइ छ ।

*-रासस*

# छुट्टाछुट्टै सवारी...

...धोरेबाट खेस्राहातर्फ जाँदै गरेको बिआर २२ एवाई २९९४ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक छिपहरमाई गाउँपालिका-२ चर्गाहा बस्ने ३० वर्षीय शत्रुधन मुखियाको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको नारायणी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै सर्लाहीको बागमती नगरपालिका-८ स्थित सडकमा ट्र्याक्टरको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ । बर हथवाबाट सोल्टीतर्फ जाँदै गरेको ना.२ त २८७ नम्बरको ट्र्याक्टरको ठक्करबाट सोही ठाउँ बस्ने सागर बिष्टकी छोरी ४ वर्षीया प्रनिषा बिष्टको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको वयोधा अस्पताल वीरगञ्जमा थप उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । ट्र्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । तीन वटै घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## खेलकुद समाचार

### बेङ्गलुरुले आईपीएल क्रिकेटको उपाधि जित्यो

**काठमाडौं,** जेठ २१/रोयल च्यालेन्जर्स बेङ्गलुरु (आरसीबी) ले इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटको उपाधि जितेको छ । फाइनल खेलमा पन्जाब किङ्ग्सलाई ६ रनले पराजित गर्दै बेङ्गलुरुले पहिलो पटक उपाधि जितेको हो ।

अहमदाबादको नरेन्द्र मोदी रङ्गशालामा एक सय ९१ रनको लक्ष्य पछ्याएको पन्जाबले ७ विकेट गुमाउँदै एक सय ८४ रन मात्र बनाउन सक्यो । पन्जाबका सशंक सिंहले सर्वाधिक ६१ रन बनाए । बेङ्गलुरुका भुवनेश्वर कुमार र कुर्नाल पाण्ड्याले समान २ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको बेङ्गलुरुले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १ सय ९० रन बनाएको थियो । बेङ्गलुरुका लागि विराट कोहोलीले सर्वाधिक ४३ रन बनाए । पन्जाबका कायल जेमीन्सन र अर्शदिप सिंहले समान ३ विकेट लिए । लिग चरणमा पन्जाब पहिलो र बेङ्गलुरु दोस्रो स्थानमा रहेका थिए । पहिलो क्वालिफायरमा पन्जाबलाई हराउँदै बेङ्गलुरु फाइनलमा पुगेको थियो ।

## अर्थ/कर्पोरेट समाचार

### दोहोरो अंकले घट्यो नेप्से

**पाल्पा,** जेठ २१/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार दोहोरो अङ्कले घटेको छ । अघिल्लो दिनको तुलनामा ० दशमलव ६५ प्रतिशतले नेप्स घटेको हो ।

नेप्से परिसूचक ११ दशमलव ९७ अङ्कले घटेर दुई हजार ६ सय ४६ दशमलव ९५ को विन्दुमा कायम भएको छ । मंगलबार ३५ अंकले घटेर बन्द भएको नेप्सेमा बुधबार पनि दोहोरो अंकको गिरावट आएको हो । सो दिन कारोबारमा आएकामध्ये ६६ कम्पनीको सेयर मूल्य बढ्यो भने १ सय ८१ वटाको घट्यो र १ वटा कम्पनीको स्थिर रहयो । ५९ हजार १ सय ३० पटकको सेयर कारोबारमा १ करोड ३७ लाख ८२ हजार ४ सय ६८ कित्ता सेयर किनबेच भए । ती किनबेचमा ५ अर्ब १६ करोड ३३ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि घटेको हो । मंगलबार सेयर बजारमा ६ अर्ब ६७ करोड ९५ लाख रुपैयाँ बराबरको कारोबार भएको थियो । बुधबार कारोबारमा आएका १३ उपसमूहमध्ये सामूहिक लगानी कोष र व्यापारबाहेक सबैको परिसूचक घटे । सामूहिक लगानी कोष उपसमूहको परिसूचक ० दशमलव ०८ र व्यापारको २१ दशमलव ०९ अंकले बढे । कारोबारमा म्युचुअल फन्ड र व्यापार समूह मात्रै बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेड र प्युअर इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य पाँच दशमलव ८१ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै अरुण काबेली पावर लिमिटेडको ३६ करोड २५ लाख ५९ हजार बराबरको १३ लाख ४५ हजार चार सय २६ कित्ता शेयर किनबेच भएको छ ।

## कालिगण्डकी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## पूर्तिघाट गुल्मी

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति :२०८२/०२/२१

यस कालिगण्डकी गाउँपालिका गुल्मीबाट विभिन्न मितिमा प्रकाशन भएको सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका देहायको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भै मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भै आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं | कामको विवरण | प्रभावग्राही देखिएको बोलपत्रदाताको नाम | कबोल अंक(मु.अ.कर र PS सहित) |
|---|---|---|---|---|
| 1 | KRM-NCB-GOODS-2081-2082-21 | Supply,Delivery,Installation,Testing & Commissioning of cold Room at Putighat | Hi-Speed Computer Resunga-01,Tamghas ,Gulmi,Nepal | 2282238.40 |

प्रमुख प्रशासकीय अधिकृत

### श्रेष्ता कायम नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पाल्पा जिल्ला साबिक हुगी -३ हाल रम्भा ६ निवासी टिका कुमारी कडरियाले निजको श्रीमान् अग्नि प्रसाद कडरियाको मिति २०७४/१०/०१ गते मृत्यु भएको, मृतक श्रीमान् अग्नि प्रसाद कडरियाको नाममा दर्ता कायम रहेको पाल्पा जिल्ला साविक हुँगी -६ कि.नं. ३२२, ३२५ का जग्गाको श्रेष्ता कायम नभएको, ज.ध पुर्जा हराएको र हालसम्म आफैले हकभोग गर्दै आईरहेकोले उक्त कि.नं.को जग्गा मृतक ज.ध. अग्नि प्रसाद कडरियाको नाममा श्रेष्ता कायम गरी निवेदक ( टिका कमारी कडरिया) को नाममा एकलौटी नामसारी गरी पाउँ भनी निवेदन गरेको सम्बन्धमा उक्त कि.नं.को जग्गामा निवेदक टिका कुमारी कडरियाको हकभोग छ वा छैन ? अन्य कोही कसैको हकभोग छ की माथि उल्लेखित कि.नं. को जग्गा ज.ध.ले अन्यत्र वेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् वा छैनन् ? उक्त कि.नं. को जग्गाको श्रेष्ता कायम हालसम्म किन नगरिएको हो ? ज.ध. पुर्जा हराएको हो वा होईन ? ज.ध. को शेषपछिका हकवाला के कति छन् ? निवेदक बाहेक अन्य हकवाला छन्, छैनन् ज.ध. को लालनपालन कसले गरेको हो ? यी निवेदकले गरेको हो, होइन ? मृतक ज.ध. अग्नि प्रसाद कडरियाको नाममा उक्त कि.नं. को जग्गा श्रेष्ता कायम गरी निवेदक टिका कुमारी कडरियाको नाममा एकलौटी नामसारी गरिदिँदा अन्य कोही कसैलाई असर पर्छ कि पर्दैन ? उल्लेखित जग्गाहरु मृतकका नाममा श्रेष्ता कायम गरी निवेदकका नाममा एकलौटी नामसारी गरिदन मिल्छ वा मिल्दैन ? निवेदन मागदावी बमोजिम गरिदिँदा कसैको हकदैयामा असर पर्ने वा श्रेष्ता कायम गरी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दावी विरोध नपरेमा प्रचलित कानुन बमोजिम मृतक ज.ध का नाममा श्रेष्ता कायम भई निवेदकका नाममा एकलौटी नामसारी भई जाने र पछि कोही कसैको उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराइन्छ ।

इति सम्वत २०८२ साल जेठ २१ गते रोज ५ शुभम् ।

### लु (तातोहावा) का असर र बच्ने उपाय

| 'लु' का असर | 'लु' बाट बच्ने उपाय |
|---|---|
| -थकाइ लाग्ने | -प्रशस्त पानी तथा झोल पदार्थ पिऊँ |
| -कमजोरी हुने | -शरीर कमजोर भएमा जीवनजल पिऊँ |
| -बढी तिर्खा लाग्ने | -शितल छहारीमा बसौं |
| -टाउको दुख्ने | -घाम लागेको बेला खेतबारीमा काम नगरौं |
| -खुट्टा बाउँडिने | -घाममा निस्कँदा छाता ओढौं |
| -रिङ्गटा लाग्ने | -अत्यावश्यक कामबाहेक बाहिर ननिस्कौं |
| -बेहोस हुने | -मौसमी फलफूल र तिनको रस सेवन गरौं |
| -मासंपेशी दुख्ने | -'लु' लागेमा नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । |

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई